# सडक बोर्ड निर्देशिका, ०६१

सडक बोर्ड ऐन, २०५८ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी सडक बोर्डको कार्यकारी बोर्डले देहायको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "सडक बोर्ड निर्देशिका, २०६१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुन्छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले सडक बोर्ड ऐन २०५८ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले सडक बोर्ड नियमावली, २०६० सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठित कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "पुल" भन्नाले कुनै ६ मिटर वा सो भन्दा लामो कस ड्रेन स्ट्रक्चर संझनु पर्छ ।

(ङ) "कल्भर्ट" भन्नाले ६ मिटर भन्दा कम लम्बाईको कस ड्रेन स्ट्रक्चर संझनु पर्छ ।

(च) "स्तरोन्नति" भन्नाले कुनै सडकलाई देहाय बमोजिम गरिने स्तरोन्नति संझनु पर्छः-

(१) सडक सतहको स्तरोन्नति, जस्तै माटे सडकलाई ग्राभेल सडकमा, ग्राभेल सडकलाई कालोपत्रे सडकमा

(२) निम्न प्रकारको सडकलाई उच्च प्रकारको सडकमा, जस्तै ग्रामीण सडकलाई जिल्ला सडकमा, जिल्ला सडकलाई सहायक मार्गमा, सहायक मार्गलाई राजमार्गमा स्तरोन्नति गर्ने ।

(३) सडकको ज्यामितीय अवस्थामा स्तरोन्नति गर्ने ।

(छ) "सडक सीमा" भन्नाले सार्वजनिक सडक ऐन, २०३१ बमोजिम तोकिएको सडक सीमा संझनु पर्छ र त्यसरी सडक सीमा नतोकिएको सडकको हकमा सडकको केन्द्र रेखाबाट दायाँ वायाँ देहाय बमोजिमको सडकको लागि देहाय बमोजिमको सडक सीमा कायम रहेको मानिनेछः-

(क) राजमार्गको हकमा २५/२५ मिटर,

(ख) सहायक मार्गको हकमा १५/१५ मिटर,

(ग) शहरी सडकको हकमा २.७५ देखि २५ मिटर सम्बन्धित नगरपालिकाद्वारा तोकिए बमोजिम,

(घ) जिल्ला सडकको हकमा १०/१० मिटर,

(ङ) ग्रामीण तथा कृषि सडकको हकमा ७.५/७.५ मिटर ।

(ज) "सडकमा राखिएका अन्य संरचना (Road Furniture)" भन्नाले सडकमा रहेका बिभिन्न सूचनापाटी, Delineator Post, रेलिङ्ग, सडक चिन्ह, दूरी चिन्ह आदि सम्झनु पर्छ र सो शब्दले बस पार्क, ट्राफिक आइलेण्ड, पुल, कल्भर्ट, पारापेट र यस्तै अन्य संरचना समेतलाई जनाउँछ ।

## परिच्छेद २
## बोर्डको कार्यक्षेत्रभित्र पर्ने सडक तथा पुलको विवरण राख्ने सम्बन्धी व्यवस्था

३. सडकको वर्गीकरणः (१) बोर्डले सडक सम्बन्धी कार्य गर्ने गराउने प्रयोजनको लागि देहाय बमोजिमको सडकलाई देहाय बमोजिम वर्गीकरण गर्नेछः-

(क) राजमार्गः नेपाल अधिराज्यको पूर्व देखि पश्चिम सीमासम्मको सडक, काठमाण्डौ उपत्यका लगायत मुख्य मुख्य उपत्यका जोड्ने उत्तर दक्षिण सडक वा कुनै एउटा राजमार्गदेखि क्षेत्रीय सदरमुकाम जोड्ने सडक ।

(ख) सहायक मार्गः राजमार्ग र जिल्ला सदरमुकाम वा प्रमुख व्यापारिक, पर्यटकीय, औद्योगिक, कुनै ठूलो विद्युत परियोजना रहेको ठाउँलाई जोड्ने सडक, राजमार्गसँग जोडिएको कुनै प्रतिदिन कम्तीमा १०० वटा सवारी गुड्ने सडक, कुनै सहायकमार्ग र प्रमुख व्यापारिक, पर्यटकीय, औद्योगिक वा कुनै ठूलो विद्युत परियोजना रहेको ठाउँलाई जोड्ने सडक वा कुनै शहरी मार्ग र कुनै प्रमुख व्यापारिक, पर्यटकीय, औद्योगिक वा कुनै विद्युत परियोजना रहेको ठाउँलाई जोड्ने सडक ।

(ग) जिल्ला सडकः कुनै जिल्लाभित्रको कुनै बस्तीलाई जिल्ला सदरमुकाम वा अन्य कुनै प्रमुख सडक वा कुनै व्यापारिक ठाउँसँग जोड्ने सडक ।

(घ) ग्रामीण तथा कृषि सडकः जिल्लाभित्रको कुनै एउटा गाउँलाई अर्को गाउँ, कुनै स्थानीय बजार, कुनै उद्योग, विद्यालय, चिकित्सालय, सामुदायिक वन, मिल, कलकारखाना आदि रहेको ठाउँ वा कुनै जिल्ला सडक वा सो भन्दा माथिल्लो तहको सडकसँग वा कुनै एउटा गाउँ वा बस्तीलाई कुनै सानो बजार केन्द्र वा कृषि उत्पादन केन्द्र वा सो को बजारसँग जोड्ने सडक ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ बमोजिम वर्गीकरण गरेको सडकको हकमा सोही बमोजिम हुनेछ ।

४. बोर्डको कार्यक्षेत्रभित्र पर्ने ग्रामीण तथा कृषि सडकः बोर्डले नियमावलीको नियम ३ को उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिम सडक सम्बन्धी कामको लागि सडकको छनौट गर्दा खण्डास्मित सडकको हकमा औसत वार्षिक रुपमा प्रतिदिन कम्तीमा ४० वटा सवारी साधन चल्ने र कच्चि सडकको हकमा औसत वार्षिक रुपमा प्रतिदिन कम्तीमा १५ वटा सवारी साधन चल्ने सडकलाई मात्र छनौट गर्नेछ ।

५. बोर्डको कार्यक्षेत्रभित्र पर्ने सडकको सूची तयार गर्नेः (१) बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडकको सूची तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सडकको सूची तयार गर्दा आफ्नो कार्यक्षेत्रभित्रका देहायका सडकहरुको सम्बन्धमा देहायका विवरणहरु अध्यावधिक गरिराख्नु पर्नेछः-

(क) राजमार्ग तथा सहायक मार्गको हकमा,-

(१) सडकको लम्बाई,

(२) सडकको देहायको ज्यामितीय (Geometry) विवरण,-

(क) क्यारिजवेको चौडाई,

(ख) सडक सतहको चौडाई,

(ग) उकालो ओरालोको अवस्था (Rise and fall grade ,Terrain Information)

(घ) मोडको अवस्था (Curve Stastus) ।

(३) कस ड्रेनको ढाँचा, टेवा पर्खाल (Retaining Wall), बायोइन्जिनियरिङ्ग सम्बन्धी काम, ढल तथा सडकमा राखिएको अन्य संरचना (Road Furniture) सम्बन्धमा सडकको बिभिन्न लम्बाई अनुसारको विवरण,

(४) सडक सतहको किसिम,

(५) सडक निर्माण भएको तथा सडक सतह तयार भएको समय,

(६) सडकको सतहको अवस्था Surface Distress Index (SDI), International Roughness Index (IRI), ढलको अवस्था, Road Closure, सडक सीमा अतिक्रमण आदि कुराहरुको आधारमा सडकको हालको अवस्था,

(७) सवारी आवागमनको अवस्था ।

(ख) जिल्ला सडक तथा शहरी सडकको हकमा,-

(१) सडकको लम्बाई,

(२) सडकको देहायको ज्यामितीय (Geometry) विवरण,-

(क) क्यारिजवेको चौडाई,

(ख) सडक सतहको चौडाई,

(ग) उकालो ओरालोको अवस्था (Rise and fall grade,Terrain Information)

(३) कस ड्रेनको ढाँचा, टेवा पर्खाल (Retaining wall), बायोइन्जिनियरिङ्ग सम्बन्धी काम, ढल तथा सडकमा राखिएको अन्य संरचना (Road Furniture) सम्बन्धमा सडकको बिभिन्न लम्बाई अनुसारको विवरण,

(४) सडक सतहको किसिम,

(५) सडक निर्माण भएको तथा सडक सतह तयार भएको समय,

(६) सडक सतहको दृष्टिले राम्रो, सामान्य वा खराब अवस्था, ढलको अवस्था, Road Closure आदि कुराहरुको आधारमा सडकको हालको अवस्था,

(७) सवारी आवागमनको अवस्था ।

(ग) ग्रामीण सडकको हकमा,-

(१) सडकको लम्बाई,

(२) कस ड्रेनको ढाँचा, टेवा पर्खाल (Retaining Wall), ढल, सडकमा राखिएका अन्य संरचना (Road Furniture) सम्बन्धमा सडकको बिभिन्न लम्बाई अनुसारको विवरण,

(३) सडक सतहको अवस्था,

(४) सडकको राम्रो, सामान्य वा खराव अवस्था र Road Closure को अवस्था,

(५) सवारी आवागमनको अवस्था ।

६. पुल सम्बन्धी विवरण अद्यावधिक गर्ने: बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने देहायका सडकमा पर्ने पुलको सम्बन्धमा देहाय बमोजिमको विवरण अद्यावधिक गरिराख्नु पर्नेछः-

(क) राजमार्ग तथा सहायक मार्गमा पर्ने पुलको सम्बन्धमा,-

(१) अवस्थितिको विवरण,

(२) प्रत्येक पुलको सम्बन्धमा पुलको किसिम, पुलको ज्यामितीय विवरण, संरचनात्मक (Structural) विवरण, हाइड्रोलोजिकल विवरण, भारबहन क्षमता आदिको विवरण,

(३) उक्त पुल निर्माण भएको तथा मर्मत सम्भार गरिएको समय,

(४) पुल निरीक्षण प्रतिवेदन ।

(ख) जिल्ला मार्ग, ग्रामीण सडक, तथा कृषि सडकमा रहेका पुलको सम्बन्धमा,-

(१) अवस्थिति सम्बन्धी विवरण,

(२) प्रत्येक पुलको सम्बन्धमा पुलको किसिम, पुलको ज्यामितीय विवरण, संरचनात्मक विवरण, हाइड्रोलोजिकल विवरण, भारबहन क्षमता आदि सम्बन्धी विवरण,

(३) पुल निर्माण भएको तथा मर्मत सम्भार गरिएको समय ।

७. सडक सम्बन्धी निकायले तयार गरेको विवरणलाई आधार मान्नु पर्ने: बोर्डले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सडक तथा पुलको सम्बन्धमा दफा ५ र ६ बमोजिमको विवरण तयार नभएसम्म सडक सम्बन्धी निकायले तयार गरेको विवरणलाई आधार मान्नु पर्नेछ ।

८. सडक सम्बन्धी डाटाबेस तयार गर्नुपर्ने: बोर्डले राजमार्ग तथा सहायक मार्गको सम्बन्धमा कम्प्युटरमा आधारित सडक सम्बन्धी सूचना व्यवस्थापन प्रणाली स्थापना गर्नुपर्नेछ र त्यसरी प्रणाली स्थापना गर्दा संभवभएसम्म सडक सम्बन्धी निकायले प्रयोग गरिरहेको कम्प्युटर सफ्टवेयरसँग मिल्ने किसिमको सफ्टवेयर प्रयोग गर्नुपर्नेछ । अन्य सडकको हकमा कम्प्युटरमा आधारित सूचना व्यवस्थापन प्रणाली स्थापना हुन नसकेसम्म जिल्लागत रुपमा छुट्टा छुट्टै रजिष्टर राखी सडक तथा पुल सम्बन्धी विवरण अद्यावधिक गरिराख्नुपर्नेछ ।

## परिच्छेद ३
## सडक मर्मत सम्भार सम्बन्धी व्यवस्था

९. सडकको मर्मत अन्तर्गत बिचार गर्नुपर्ने कुराहरुः (१) सडक सम्बन्धी निकायले कुनै सडक वा सो मा रहेको पुललाई मर्मत सम्भारको लागि छनौट गरी मर्मत अन्तर्गत देहायका कुराहरु बिचार गर्नुपर्नेछः-

(क) कुनै सडकको मर्मत सम्भार सो सडकलाई वर्षैभरि खुला र आवागमन गर्न सकिने अवस्थामा राख्ने उद्देश्यले गर्ने,

(ख) सडकको दायाँ वायाँ गरिने मर्मत सम्भार वा सुधारको काम संभावित पहिरो वा भूस्खलनलाई रोक्ने,

(ग) सो सडक प्रयोगकर्ताको सडक प्रयोग गर्दाको खर्चलाई कम गर्ने,

(घ) सडकको सुरक्षा गर्ने सम्बन्धी काम गर्दा धान्न सकिने र व्यावहारिक किसिमको जोखिम व्यवस्थापन सम्बन्धी उपाय अपनाउने ।

(ङ) सडकलाई जुन स्तरको सडकको हो सो स्तरको सेवा प्रदायक क्षमतामा राख्ने ।

स्पष्टीकरण: सेवा प्रदायक क्षमता भन्नाले जुन स्तरको सडक हो सो स्तरको सडकमा हुनुपर्ने भौतिक तथा सवारी आवागमन क्षमता भएको अवस्थालाई संझनु पर्छ ।

(२) बोर्डले बिभिन्न प्रकारको सडकमा हुनुपर्ने सेवा प्रदायक क्षमता निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले बिभिन्न प्रकारको सडकमा हुनुपर्ने सेवा प्रदायक क्षमता निर्धारण गर्दा सो सम्बन्धमा श्री ५ को सरकारको कुनै निकायले कुनै मापदण्ड तोकेको भए सोही मापदण्डलाई आधार मान्नेछ र त्यसरी मापदण्ड नतोकिएको भए तत्सम्बन्धी प्रचलित अन्तरार्ष्ट्रिय मापदण्डलाई आधार मान्नेछ ।

१०. <u>वार्षिक सडक मर्मत संभार कार्यक्रम पेश गर्नु पर्ने</u> : (१) ऐन तथा नियमावली बमोजिम सडक सम्बन्धी निकायले सडक मर्मत संभार गर्नको लागि बोर्ड समक्ष कार्यक्रम पठाउने ढाँचा बोर्डले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) एकभन्दा बढी सडकको उपदफा (१) बमोजिम मर्मत संभारको कार्यक्रम पठाउने सडक सम्बन्धी निकायले त्यसरी मर्मत संभार गर्नु पर्ने सडक मध्ये कुन चाहि सडकको मर्मत संभार प्राथमिकतामा पर्ने हो सो कुरा स्पष्ट रुपमा बोर्ड समक्ष कार्यक्रम पठाउंदाका बखत खुलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकभन्दा बढी सडकको मर्मत संभार गर्न कार्यक्रम पेश भएकोमा त्यस्तो कार्यक्रम पेश गर्ने सडक सम्बन्धी निकायले प्राथमिकता तोके बमोजिम बोर्डले कार्यक्रम स्वीकृत गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको व्यवस्था मर्मत संभार गर्नु पर्ने सडकमा अवस्थित पुलको हकमा समेत आवश्यक हेरफेर सहित लागू हुनेछ ।

११. <u>सडक मर्मत तथा संभारको मापदण्ड निर्धारण</u> : (१) बोर्डले सडक मर्मत तथा संभारको मापदण्ड निर्धारण गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मापदण्ड निर्धारण गर्दा राजमार्ग, सहायक राजमार्ग, सहरी मार्ग, जिल्ला मार्ग, ग्रामीण तथा कृषि सडक वा अन्य सडकको लागि एउटै वा छुट्टा छुट्टै मापदण्ड निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको मापदण्डमा नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत, पुनर्स्थापना, पुनर्निर्माण वा स्तर वृद्धिको लागि एकै किसिमका वा फरक फरक मापदण्ड हुन सक्नेछन् ।

(४) सडकको मर्मत संभार गर्ने निकायले उपदफा (१) तथा उपदफा (२) बमोजिम निर्धारित मापदण्ड बमोजिम मर्मत तथा संभार गर्नु पर्नेछ ।

(५) बोर्डले यस दफा बमोजिम निर्धारण गरेको मापदण्ड सडक सम्बन्धी निकाय, निर्माण व्यवसायसंग सम्बन्धित संस्था, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग तथा अन्य सम्बद्ध निकायमा पठाउनु पर्नेछ ।

१२. सडक मर्मत सम्बन्धी अन्य कार्यविधि : (१) ऐन, नियमावली तथा यस निर्देशिकामा तोकिएको अतिरिक्त सडक मर्मत सम्भार सम्बन्धी अन्य कार्यविधि बोर्डले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।

(२) सडक मर्मत सम्भार सम्बन्धमा ऐन, नियमावली, निर्देशिका तथा बोर्डले उपदफा (१) बमोजिम तोकेको कार्यविधि विपरित गरिएको मर्मत सम्भारलाई बोर्डले स्वीकृत गर्नेछैन ।

१३. नियमित, पटके वा आवधिक मर्मत सम्भारको लागि सडक छनौटको प्राथमिकता: बोर्डले सडक सम्बन्धी निकायबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारको लागि पेश भएका सडकहरुलाई देहायको आधारमा प्राथमिकता तोकी क्रमश: सडकको छनौट गर्नु पर्नेछः-

| वार्षिक औसत दैनिक सवारी संख्या | सडकको अवस्था | पहाडि क्षेत्र | | तराई क्षेत्र | |
|---|---|---|---|---|---|
| | | नियमित तथा पटके | आवधिक | नियमित तथा पटके | आवधिक |
| ५०० भन्दा बढी | राम्रो | १ | १३ | २ | १४ |
| | सामान्य | ३ | १५ | ४ | १६ |
| | खराब | ९ | - | १० | - |
| ५० देखि ५०० सम्म | राम्रो | ५ | १७ | ६ | १८ |
| | सामान्य | ७ | १९ | ८ | २० |
| | खराब | ११ | - | १२ | - |
| ५० भन्दा कम | राम्रो | १३ | १९ | १४ | २० |
| | सामान्य | १५ | २१ | १६ | २२ |
| | खराब | १७ | - | १८ | - |

१४. नियमित, पटके वा आवधिक मर्मत सम्भारको लागि सडकको छनौट: सडक सम्बन्धी निकायबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत वार्षिक कार्यक्रममा समाावेश गर्न भनी लेखी आएका एकै प्रकारका सडकहरुमध्ये छनौट गर्दा बोर्डले देहायको आधारमा सबभन्दा बढी आवश्यक र उपयुक्त देखिएको सडकलाई पहिलो प्राथमिकता दिने गरी सडकको छनौट गर्नु पर्नेछः-

(क) सडकको लम्बाई तथा सडक सञ्चालमा सो सडकको महत्व,

(ख) सडकबाट लाभान्वित हुने जनसंख्या,

(ग) सडक मर्मत सम्भारबाट हुने आर्थिक लाभ,

(घ) सडकको सतह तथा पेटी लगायत अन्य कुराहरुको भौतिक अवस्था,

(ङ) सडक सम्बन्धी निकायको सो मर्मत सम्भार गर्न सक्ने संस्थागत व्यवस्था वा उपलब्ध जनशक्ति ।

१५. नियमित मर्मत सम्भार गर्दा गरिने कार्यहरु: नियमित मर्मत सम्भार गर्दा देहाय बमोजिमका कार्यहरु गरिनेछः-

(क) सडक किनाराको मर्मत सम्भार,

(ख) सडकमा उम्रेको घाँस सफा गर्ने,

(ग) सडक किनाराको ढलको सफाइ,

(घ) कल्भर्ट सफाइ,

(ङ) ढललाई सामान्य रुपमा फेरबदल गर्ने,

(च) पुलको सफाई,

(छ) सडक बढार्ने,

(ज) सामान्य खालको पहिरो वा भूस्खलन हटाउने,

(झ) सडकमा राखिएका अन्य संरचनाको (road furniture) सफाई ।

१६. नियमित मर्मत सम्भारको लागि नर्म्स बनाउनेः (१) बोर्डले सडकको नियमित मर्मत सम्भारको लागि देहाय बमोजिमका छुट्टा छुट्टै नर्म्स बनाई लागू गर्नु पर्नेछः-

(क) पहाडी क्षेत्रको कालोपत्रे सडक सम्बन्धी नर्म्स,

(ख) पहाडी क्षेत्रको कालोपत्र नभएका सडक सम्बन्धी नर्म्स,

(ग) तराई क्षेत्रका कालोपत्रे भएका सडक सम्बन्धी नर्म्स,

(घ) तराई क्षेत्रका कालोपत्र नभएका सडक सम्बन्धी नर्म्स,

(ङ) पहाड तथा तराई क्षेत्रका शहरी सडक सम्बन्धी नर्म्स ।

(२) बोर्ड तथा सडक सम्बन्धी निकायले नियमित मर्मत सम्भारका लागि बनाएको नर्म्सका आधारमा नियमित मर्मत सम्भार सम्बन्धी कामको लागत अनुमान गर्नु पर्नेछ ।

१७. पटके मर्मत सम्भार सम्बन्धी व्यवस्थाः (१) पटके मर्मत सम्भार गर्दा मुख्यतः देहाय बमोजिमका विशेष तथा सामान्य मर्मत सम्भार सम्बन्धी कार्य गर्नु पर्दछः-

(क) सामान्य कार्यहरु,-

(१) कालोपत्रे तथा ग्राभेल सडकमा पटहोल (Pot hole) प्याचिङ्ग (Patching) , रिसिलिङ्ग, सर्फेसिङ्ग, पेभमेण्ट एज, एप्रोच सडक मर्मत सम्बन्धी कार्य,

(२) ढल, कल्भर्ट, पहिरो सफा गर्ने,

(३) सडक किनार (Shoulder), माटे ढल मर्मत,

(४) Delineator, सडक चिन्ह, दूरी चिन्ह र Drain Cover बदल्ने,

(५) Parapet wall, Delineator, दूरी चिन्ह, रेलिङ्ग, कल्भर्टको Headwall, रिटेनिङ्ग वाल, चेक ड्याम, Embankment, Turfing, Bio-engineering, सुख्खा ढल मर्मत गर्ने ।

(ख) विशेष कार्यहरु,-

(१) कालोपत्रे सडकमा विस्तृत प्याचवर्क, रिटेनिङ्ग वाल, अन्य स्लोप स्टाव्लाइजेशन सम्बन्धी काम,

(२) वायो इञ्जिनियरिङ्ग,

(३) साना क्रस ड्रेन पुनर्स्थापना

(४) थप Delineators र ट्राफिक चिन्ह राख्ने,

(५) सडक किनारा सुधार, सडक छेउँको ढल पुनर्स्थापना,

(६) नदी संरक्षण सम्बन्धी काम ।

(२) पटके मर्मत सम्भार सम्बन्धी काम गर्दा प्रत्येक सडक खण्डको लागि अलग अलग कार्यक्रम बनाउनु पर्नेछ ।

(३) पटके मर्मत सम्भारको लागि सडकको छनौट गर्ने सम्बन्धमा बोर्डले अलग ढाँचा बनाई लागू गर्नेछ ।

१८. आवधिक मर्मत सम्भार सम्बन्धी व्यवस्था: (१) बोर्डले सामान्यतया देहायको सडक देहायको अवधिमा आवधिक मर्मत सम्भारको लागि छनौट गर्नेछः-

(क) तराईको कालोपत्रे सडक प्रत्येक सात वर्षमा,

(ख) पहाडी कालोपत्रे सडक प्रत्येक छ वर्षमा,

(ग) तराईको कालोपत्र नभएको ग्राभेल सडक प्रत्येक चार वर्षमा,

(घ) पहाडी कालोपत्रे नभएको ग्रामेभ सडक प्रत्येक ३ वर्षमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विस्तृत आर्थिक विश्लेषणबाट १२ प्रतिशतको डिस्काउण्ट रेटमा Net Present Value Positive देखिएमा वा Internal Rate of Return १२ प्रतिशत भन्दा बढी देखिएमा त्यस्तो सडकको उपदफा (१) मा लेखिएको अवधि अगावै पनि आवधिक मर्मत सम्भार गराउन सकिनेछ ।

(३) कुनै पनि सडक आवधिक मर्मत सम्भारको लागि छनौट गर्दा सो सडकको सो सम्बन्धी विस्तृत सर्भे तथा लेखाजोखा गरिएको हुनु पर्नेछ ।

१९. आकस्मिक मर्मत सम्भार सम्बन्धी व्यवस्था: (१) कुनै सडक खण्डको अवस्था, गत वर्षहरुमा गरिएको आकस्मिक मर्मत सम्भार र आकस्मिक मर्मत सम्भार गनुपर्ने अवस्थाका आधारमा कुनै सडकको आकस्मिक मर्मत सम्भारका लागि कार्ययोजना बनाई रकमको व्यवस्था गनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनामा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाइएको हुनु पर्नेछः-

(क) कामदार राख्न सकिने ठाउँ, हेभी इक्वीपमेण्ट राख्ने ठाउँ र सडक सम्बन्धी निकायको कार्यालय रहेको ठाउँ देखिने स्केच नक्सा,

(ख) गत पाँच वर्षमा सो सडक खण्ड वा ठाउँमा गरिएको आकस्मिक तथा अन्य मर्मत सुधार, सो का लागि भएको खर्च, प्रयोग गरिएका यन्त्र औजार तथा कामदार र अन्य जनशक्ति,

(ग) सो ठाउँमा त्यस्तो आकस्मिक घटना पटक पटक हुन नदिन अपनाउन सकिने उपायहरु ।

२०. आकस्मिक मर्मत अन्तर्गत गरिने कार्यहरु: आकस्मिक मर्मत सम्भार अन्तर्गत देहायका कार्यहरु गरिनेछः-

(क) आकस्मिक पहिरो सफा गर्ने ,

(ख) Cross Drain Structure सहित डाइभर्सन निर्माण,

(ग) आकस्मिक Slope Stablisation।

२१. आकस्मिक मर्मत संभारको लागि रकम माग गर्ने कार्यविधि : (१) कुनै सडकको आकस्मिक मर्मत संभार गर्नु परेमा सडक सम्बन्धी निकायले त्यस्तो तत्कालै देहायको विवरण खुलाई बोर्डले तोकेको ढाँचामा बोर्ड समक्ष रकम माग गर्नु पर्नेछ :-

(क) आकस्मिक मर्मत संभार गर्नु पर्ने सडकको नाम तथा त्यस्तो सडक रहेको भौगोलिक स्थान,

(ख) आकस्मिक मर्मत संभार गर्नु पर्ने कारण,

(ग) के कस्तो कारणबाट के कति मात्रामा सडकको क्षति भएको वा के कसरी सडक अवरुद्ध भएको हो सो को विवरण,

(घ) आकस्मिक मर्मत संभार गर्न लाग्ने अनुमानित लागत,

(ङ) आकस्मिक मर्मत संभार गराउने प्रस्तावित आकस्मिक तरिका, मर्मत संभार गर्न लाग्ने अनुमानित अवधि ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि बोर्डले यथाशिघ्र सो उपर विचार गरी माग बमोजिमको रकम दिन मनासिव देखेमा एकमुष्ट वा पटक पटक गरी रकम निकासा दिन सक्नेछ ।

२२. पुनर्स्थावना वा पुननिर्माणको लागि सडकको छनौटः (१) पुनर्स्थापना वा पुननिर्माणको लागि सडकको छनौट गर्दा देहायका कुराहरु बिचार गर्नुपर्नेछः-

(क) बोर्ड सञ्चालनको शुरुका वर्षमा राजमार्ग तथा सहायक मार्गलाई तिनीहरुको भौतिक अवस्था तथा सेवा प्रदाय सम्बन्धी Requirement का दृष्टिले हुनुपर्ने न्युनतम स्तरमा कायम राख्न,

(ख) राजमार्ग तथा सहायक मार्गलाई खण्ड (क) बमोजिमको अवस्थामा ल्याईसकेपछि सो सडकको Design Life तथा Design Capacity मा पुगिसकेपछि मात्र बोर्डले त्यसमा लगानी गर्ने,

(ग) योजनाबद्ध रुपमा मर्मत सम्भार नगरिएका सडकको पुननिर्माण वा पुनर्स्थापना नगर्ने,

(घ) राजमार्ग वा सहायक मार्गको पछि अन्य सडकले त्यसको Design Life वा Design Capacity पुरा गरिसकेपछि मात्र त्यस्तो सडकको पुननिर्माण वा पुनर्स्थापना गर्ने,

(२) कुनै पनि सडकको पुनर्स्थापना वा पुननिर्माण गर्नुपूर्व सो सम्बन्धमा विस्तृत सर्भे तथा वातावरणीय अध्ययन गरेको हुनु पर्नेछ र त्यस्तो विस्तृत आर्थिक विश्लेषणबाट १२ प्रतिशतको डिस्काउण्ट रेटमा Net Present Value Positive देखिएमा वा Internal Rate of Return डिस्काउण्ट रेट भन्दा बढी देखिएमा र वातावरणीय दृष्टिले उपयुक्त देखिएमा मात्र त्यस्तो सडकको पुनर्स्थापना वा पुननिर्माण गरिनेछ ।

२३. सडक पुर्नस्थापना वा पुनर्निर्माणको स्तर : (१) नियमावली बमोजिम सडकको पुनर्स्थापना तथा पुननिर्माण गर्दा बोर्डले तोके बमोजिम सडकको भौतिक स्थिति तथा ज्यामितीय स्तरमा सारभूत रुपमा सुधार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्स्थापना वा पुननिर्माण गर्दा त्यस्तो सडकको सतह वा ज्यामितीय स्टाण्डर्ड वा दुवै कुराको सुधार गनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सडकको पुनर्स्थापना तथा पुननिर्माण गर्दा सडकसंग सम्बन्धित पुल, पुलेसा, कल्भर्ट तथा ड्रेन समेतको पुनर्स्थापना तथा पुनर्निर्माण गर्नु पर्नेछ ।

२४. स्तरोन्नतिका लागि सडकको छनौटः (१) बोर्डले स्तरोन्नतिका लागि कुनै सडकको छनौट गर्दा देहायका कुराहरु बिचार गर्नुपर्नेछः-

(क) कुनै पनि सडकको सतहको स्तरोन्नति गर्दा त्यसबाट हुन सक्ने आर्थिक लाभले त्यस्तो स्तरोन्नतिको औचित्य पुष्टि गर्नु पर्ने,

(ख) कुनै निम्न प्रकारको सडकले उच्च प्रकारको सडकका लागि (जस्तै, जिल्ला सडकबाट सहायक मार्ग, सहायक मार्गबाट राजमार्गमा स्तरोन्नति गर्दा) आवश्यक सेवा प्रदाय आवश्यकता पुरा गरेपछि मात्र त्यसलाई माथिल्लो प्रकारको सडकमा स्तरोन्नति गर्ने,

(२) बोर्डले उपदफा (१) को खण्ड (क) को प्रयोजनको लागि कुनै सडकबाट हुनुपर्ने न्युनतम आर्थिक लाभ तोकिदिन सक्नेछ ।

(३) बोर्डले स्तरोन्नति गर्न उपयुक्त देखिएका सडकको सूची तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्न र सो को आधारमा प्राथमिकता तोकी स्तरोन्नतिको निमित्त सडकको छनौट गर्नेछ ।

२५. स्तर वृद्धिको लागि सडकको छनौट तरिका : (१) ऐन तथा नियमावली बमोजिम कुनै सडकको स्तर वृद्धिको लागि छनौट गर्दा सडक सम्बन्धी निकायले सो कुराको कारण खुलाई बोर्ड समक्ष कार्यक्रम पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम पेशगर्दा देहायको विवरण खुलाउनु पर्नेछ :-

(क) प्रस्तावित सडकको मौजुदा अवस्था तथा स्तर,
(ख) प्रस्तावित सडक रहेको भौगोलिक स्थान,
(ग) सडकमा तत्काल कायम रहेको सवारी आवागमनको चाप,
(घ) प्रस्तावित सडकको स्तरवृद्धि गर्नु पर्ने कारण,
(ङ) प्रस्तावित सडकको भौतिक तथा ज्यामितीय स्वरुपको मोटामोटी प्रारुप,
(च) प्रस्तावित सडकको स्तर वृद्धिगर्दा लाग्ने अनुमानित लागत,
(छ) प्रस्तावित सडकको स्तर वृद्धि गर्ने कार्य पूरा हुने संभावित अवधि,
(ज) प्रस्तावित सडकको स्तर वृद्धिबाट हुन सक्ने प्रतिफल,
(झ) बोर्डले तोकिदिएका अन्य आवश्यक कुरा ।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएकोमा बोर्डले सो व्यहोरा मनासिव देखेमा स्तर वृद्धि गर्नुपर्ने सडकको गुणस्तर र सो सडकको स्तर वृद्धि गरिसक्नुपर्ने अवधि समेत किटान गरी स्तर वृद्धिगर्न स्वीकृत दिनेछ ।

(४) उपदफा (३) बमोजिम स्तर वृद्धिको लागि बोर्डले स्वीकृत दिएको सडकको स्तर वृद्धि गर्दा लागेको रकम बोर्डले निकासा दिनेछ ।

२६. सडक सुरक्षा सम्बन्धी व्यवस्थाः (१) सडक सम्बन्धी निकायले सडक मर्मत सम्भार सम्बन्धी कार्य गर्दा सडकको सुरक्षा, सडकमा रहेका बिभिन्न संरचना तथा सडक यात्रुहरुको सुरक्षा गर्ने तथा सडकमा हुने बिभिन्न दुर्घटनालाई रोकथाम गर्ने उद्देश्य राख्नु पर्नेछ ।

(२) सडक सम्बन्धी निकायले सडक सुरक्षा सम्बन्धी कार्य गर्दा सडक सुरक्षा सम्बन्धमा श्री ५ को सरकारबाट स्वीकृत बिभिन्न मापदण्डलाई आधार मान्नु पर्नेछ ।

(३) सडक सम्बन्धी निकायले आफ्नो कार्यक्षेत्रभित्रको सडकमा सो आ.ब. मा कुनै किसिमको दुर्घटना भएको भए सो को अभिलेख राखी सो दुर्घटना हुनुको कारण सहित सो दुर्घटना सडकको मर्मत सम्भार वा सडकमा हुनुपर्ने अन्य संरचनाको कारणले भएको भए सो को समाधानको उपाय समेत उल्लेख गरी बोर्ड समक्ष लेखिपठाउनु पर्नेछ ।

२७. <u>सडक सीमाको संरक्षण गर्नुपर्ने</u>: सडक सम्बन्धी निकायले सडक मर्मत सम्भारको लागि बोर्ड समक्ष एकीकृत वार्षिक कार्यक्रम पेश गर्दा सो सडकको सडक सीमा संरक्षण गर्ने कुरालाई पनि समावेश गर्नुपर्नेछ ।

२८. <u>खर्च न्यूनिकरण सम्बन्धी कार्ययोजना</u>: (१) बोर्डले सडक मर्मत अन्तर्गत लाग्ने खर्च न्युनिकरण गर्ने सम्बन्धमा कार्ययोजना बनाउनु पर्नेछ ।

(१) उपदफा (१) बमोजिम कार्ययोजना बनाउँदा अन्य कुराहरुको अतिरिक्त देहायका कुरा बिचार गर्नु पर्नेछ :-

(क) सडक रहेको स्थानको भौगोलिक अवस्था,

(ख) सडक रहेको स्थानको पर्यावरणीय अवस्था,

(ग) सडकको भार वहन क्षमता र सवारी साधनको चाप,

(घ) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना तयार गर्दा सडक सम्बन्धी निकाय, सडक निर्माण व्यवसायसंग सम्बद्ध संस्था, सडक निर्माणसंग सम्बन्धित प्राविधिक तथा आर्थिक विशेषज्ञसंग समेत परामर्श गर्नु पर्नेछ ।

(३) सडक मर्मत सम्भार सम्बन्धी खर्च न्युनीकरण गर्न सडक सम्बन्धी निकायले सडकको मर्मत सम्भार गर्दा देहायका कुराहरुको पालना गर्नु पर्नेछः-

(क) स्थानीय स्रोतको अधिकतम प्रयोग गर्न प्राथमिकता दिने,

(ख) संभव भएसम्म वातावरणको संरक्षण हुने खालका सामग्रीको प्रयोग गर्ने।

(ग) स्थानीय तहमा रोजगारका अवसर अभिबृद्धि हुने किसिमले स्थानीय जनशक्तिको प्रयोग गर्ने,

(घ) संभवभएसम्म स्थानीय तहमा उपलब्ध हुने किसिमका र वातावरणमा प्रतिकूल प्रभाव नपार्ने यन्त्र उपकरणको प्रयोग गर्ने ।

२९. <u>सडक किनाराको संरक्षण सम्बन्धी कार्यहरु</u>: सडक किनाराको संरक्षण सम्बन्धी कार्यहरु पहाडि सडकको भिरालो भागलाई संभावित पहिरो वा भूस्खलनबाट सडकको सुरक्षा गर्ने दृष्टिले सञ्चालन गरिनेछ ।

३०. <u>श्री ५ को सरकारबाट स्वीकृत नर्म्सलाई आधार मान्नुपर्ने</u>: सडक बोर्ड वा सडक सम्बन्धी निकायले कुनै पनि मर्मत सम्भार सम्बन्धी कार्यको लागि सो सम्बन्धमा श्री ५ को सरकारबाट स्वीकृत नर्म्स भन्दा बढी नहुने गरी लागत अनुमान गर्नु पर्नेछ ।

## परिच्छेद ४
## <u>एकीकृत वार्षिक कार्यक्रम सम्बन्धी व्यवस्था</u>

३१. <u>एकीकृत वार्षिक कार्यक्रम तयारीका चरणहरु</u>: एकीकृत वार्षिक कार्यक्रम तयारीका चरणहरु सामान्यतया देहाय बमोजिम हुनेछन्:-

(क) सडक सम्बन्धी निकायद्वारा आफ्नो क्षेत्रभित्रको सडकको तथ्यांक, सवारी आवागमनको अवस्था र सडकको अवस्थाको बारेमा बोर्ड समक्ष विवरण पठाउने,

(ख) बिभिन्न प्रकारका मर्मत सम्भारका लागि सडकको छनौट सम्बन्धी आधारहरु, सडक सम्बन्धी निकायको चालू आर्थिक वर्षको कार्यक्रम तथा कार्य प्रगतिका आधारमा सडकको प्रारम्भिक छनौट,

(ग) प्रारम्भिक छनौटमा परेका सडकको लागि आवश्यक पर्ने अनुमानित लागत र लागत व्यहोर्ने स्रोतहरु पहिचान गर्ने,

(घ) प्रारम्भिक छनौटमा परेका सडक तथा ती सडकको लागि आवश्यक पर्ने अनुमानित लागत र स्थानीय निकायले व्यहोर्नु पर्ने रकम बोर्डले सम्बन्धित सडक सम्बन्धी निकायमा पठाउने,

(ङ) सडक सम्बन्धी निकायद्वारा नियमावलीको नियम ५ बमोजिम आफ्नो एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउने,

(च) बोर्डद्वारा सडक सम्बन्धी निकायसँग उनीहरुले पेश गरेको एकीकृत वार्षिक कार्यक्रम सम्बन्धमा छलफल तथा परामर्श,

(छ) बोर्डद्वारा एकीकृत वार्षिक कार्यक्रमको तर्जुमा तथा स्वीकृति ।

३२. एकीकृत वार्षिक कार्यक्रम तयारी गर्ने समयावधिः एकीकृत वार्षिक कार्यक्रम तयार गर्दा बोर्ड तथा सडक सम्बन्धी निकायले देहायको काम देहायको अवधिभित्र गर्नुपर्नेछः-

| | | |
|---|---|---|
| (क) | सडक सम्बन्धी निकायद्वारा आफ्नो क्षेत्रभित्रको सडकको तथ्यांक, सवारी आवागमनको अवस्था र सडकको अवस्थाको बारेमा बोर्ड समक्ष विवरण पठाउने | माघ मसान्तभित्र |
| (ख) | सडकको प्रारम्भिक छनौट गर्ने | फागुन मसान्तभित्र |
| (ग) | प्रारम्भिक छनौटमा परेका सडक तथा ती सडकको लागि आवश्यक पर्ने अनुमानित लागत र स्थानीय निकायले व्यहोर्नु पर्ने रकम बोर्डले सम्बन्धित सडक सम्बन्धी निकायमा पठाउने | चैत्र मसान्तभित्र |
| (घ) | सडक सम्बन्धी निकायद्वारा नियमावलीको नियम ५ बमोजिम आफ्नो एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउने | बैशाख मसान्तभित्र |
| (ङ) | बोर्डद्वारा सडक सम्बन्धी निकायसँग उनीहरुले पेश गरेको एकीकृत वार्षिक कार्यक्रम सम्बन्धमा छलफल तथा परामर्श | असार मसान्तभित्र |
| (च) | बोर्डद्वारा एकीकृत वार्षिक कार्यक्रमको तर्जुमा तथा स्वीकृति | अर्को चालू आ.ब. को श्रावण मसान्तभित्र |

३३. सडक सम्बन्धी निकायले तयार गर्ने एकीकृत वार्षिक कार्यक्रममा समावेश हुनुपर्ने विवरणहरुः सडक सम्बन्धी निकायले नियमावलीको नियम ५ बमोजिम तयार गर्ने एकीकृत वार्षिक कार्यक्रममा देहायका विवरणहरु समावेश गर्नुपर्नेछः-

(क) गतवर्ष गरिएको मर्मत सम्भार सम्बन्धी कामको समीक्षा (यसमा गत वर्षको उपलब्धि, देखिएका मुख्य मुख्य समस्या तथा बिचार गर्नुपर्ने कुराहरु समावेश गर्ने)

(ख) सडक तथा पुलको अवस्था,

(ग) सडक सम्बन्धी निकायबाट गरिएको सुपरीवेक्षण सम्बन्धी विवरण,

(घ) सडक सम्बन्धी निकायको बजेट व्यवस्था तथा प्रशासन,

(ङ) मर्मत सम्बन्धी देहायको काम अनुसार छनौट भएका सडक, छनौट गर्नुको आधार, चालू वा गत वर्ष गरिएको मर्मत सम्भार सम्बन्धी काम र अनुमानित लागतः-

(१) नियमित मर्मत सम्भार,

(२) पटके मर्मत सम्भार,

(३) आवधिक मर्मत सम्भार,

(४) पुनर्स्थापना,

(५) पुननिर्माण,

(६) स्तरोन्नति,

(७) पुल मर्मत,

(८) अन्य निर्माण ।

(च) चालू तथा विगत वर्षहरुमा आकस्मिक मर्मत सम्भारमा भएको खर्च तथा यस वर्षको लागि अनुमानित लागत

(छ) मर्मत सम्भार कार्यमा देखिन सक्ने समस्या तथा समाधानका उपाय ।

३४. <u>आवर्तिक योजना (Rolling Plan) बनाई कार्यान्यन गर्न सक्ने</u>: बोर्डले संभाव्यताको आधारमा कुनै खास सडकको पुनर्स्थापना, पुननिर्माण वा स्तरोन्नतिको लागि अवस्थानुसार तीन वा पाँच वर्षको आवर्तिक योजना (Rolling Plan) बनाई कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ५
## <u>उपभोक्ता समितिबाट काम गराउने सम्बन्धी व्यवस्था</u>

३५. <u>उपभोक्ता समितिबाट काम गराउने सकिने व्यवस्थाः</u> (१) ऐन तथा नियमावली बमोजिम सडक सम्बन्धी निकायको क्षेत्रभित्र पर्ने सडकलाई नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत, पुनर्स्थापना, पुनर्निमाण तथा स्तर वृद्धि गर्दा देहायको अवस्थामा पच्चीस लाख रुपैंयासम्मको काम बोर्डले स्थानीय उपभोक्ताहरुद्धारा गठित उपभोक्ता समितिद्धारा गराउने गरी स्वीकृति दिन सक्नेछः-

(क) स्थानीय निकायबाट हिस्सेदारी हुने रकम मध्ये केही वा पूरै रकम जनश्रमदानको रुपमा व्यहोर्ने भएमा,

(ख) उपभोक्ताबाट गराउँदा अधिकतम् रुपमा स्थानीय स्रोत, साधन र जनशक्तिको प्रयोग हुने भएमा,

(ग) उक्त काम छिटो, छरितो र प्रभावकारी हुने देखिएमा,

(घ) कामको लागत कम हुने भएमा,

(ङ) अन्य कुनै कारणले उक्त काम उपभोक्ताबाट गराउन उपयुक्त देखिएमा ।

(२) सडक सम्बन्धी निकायले आफूले गराउनु पर्ने कुनै काम उपभोक्ताबाट गराउन चाहेमा माथिका कुराहरु पुष्टि हुने गरी बोर्डबाट उक्त कार्यक्रम स्वीकृत भएको एक महिनाभित्र बोर्ड समक्ष लिखित रुपमा अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२)  बमोजिम सडक सम्बन्धी निकायले गरेको अनुरोध मनासिब देखिएमा बोर्डले उक्त काम उपभोक्ताबाट गराउने गरी स्वीकृति दिन सक्नेछ र त्यसरी स्वीकृति दिँदा उक्त काम गर्ने गराउने सम्बन्धमा आवश्यक शर्त तोकिदिन सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सडक सम्बन्धी निकायको कर्तव्य हुनेछ।

(४) सडक सम्बन्धी निकायले उपभोक्ता समितिलाई उपदफा (१) बमोजिमको काम गर्ने सिलसिलामा आवश्यक पर्ने विस्तृत लागत अनुमान तयार गर्ने, प्राविधिक सुपरीवेक्षण गर्ने, जाँच पास गराउने सम्बन्धमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) लागत अनुमानको बमोजिमको रकममा मूल्य अभिवृद्धि कर, ओभर हेड र कन्टिन्जेन्सी रकम तथा जनसहभागिता हुने भए सोको अंश समेत कट्टा गरी उपदफा (१) बमोजिमको रकमको सीमा भित्र रही उपभोक्ता समितिलाई  निकासा दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम उपभोक्ता समितिबाट सडक सम्बन्धी निकायको क्षेत्रभित्र पर्ने सडक मर्मत संभार सम्बन्धी काम गराउंदा सो काममा स्थानीय व्ययिक्तहरुलाई काममा लगाउने भए सो काममा लगाउने कामदार सम्बन्ँधी देहाय बमोजिमको विवरण  अभिलेख राख्नु पर्नैछ :-

(क) पूरा ज्यालामा काम गर्ने कामदार,

(ख) कम ज्यालामा काम गर्ने कामदार, वा

(ग) ज्याला नलिई काम गर्ने कामदार।

३६. उपभोक्ता समितिद्धारा काम गराउने कार्यविधि : (१) दफा ११ बमोजिम उपभोक्ता समितिले सडक सम्बन्धी निकायले गर्ने सडकको मर्मत तथा संभार सम्बन्धी काम सम्पन्न गरेपछि देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :-

(क) उपभोक्ता समितिले सडक मर्मत तथा संभार सम्बन्धी काम सम्पन्न गरिसकेपछि सडक सम्बन्धी निकायले तोकिदिएको प्राविधिक कर्मचारीबाट नाप जाँच गराई बोर्डबाट प्रप्त रकम र जन सहभागिताबाट व्यहोरेको श्रम  वा नगद वा जिन्सी समावेश भएको कुल खर्चको विवरण समेत संलग्न गरी सडक सम्बन्धी निकायमा पेश गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित निकायले सोको अभिलेख राख्नु पर्नेछ।

(ग) उपभोक्ता समितिले आफूले पाएको काम ठेकेदारबाट गराउनु हुंदैन।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अपनाई उपभोक्ता समितिले काम गरेको कुरा सडक सम्बन्धी निकायले जाँचबुझ गरी सो कुरा आफ्नो वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

(३) उपभोक्ता समितको गठन सडक सम्वन्धि निकायले हाल स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गतको कार्यक्रमहरुमा प्रचलित प्रकृया वा सो विभागवाट निर्दीष्ट प्रकृया अपनाई गर्नुपर्ने छ।

३७. उपभोक्ता समितिको काम अरुलाई दिने: (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ बमोजिम उपभोक्ता समितिलाई दिएको काम कुनै कारणले उपभोक्ता समितिबाट हुन नसक्ने देखिएमा सो को मनासिव कारण सहित बार्डको पूर्वस्वीकृति लिई सडक सम्बन्धी निकायले त्यसरी उपभोक्ता समितिले गर्न नसकेको काम प्रचलित कानून बमोजिम अरुबाट गराउन सक्नेछ।

(२) उपभोक्ता समितिलाई दिएको काम उपदफा (१) बमोजिमसम्पन्न गर्न नसक्नाको मनासिव कारण खुलाई सडक सम्बन्धी निकायमा पेश गरेपछि मात्र अन्य व्यक्तिबाट सो कार्य गराउनु सकिने छ ।

३८. उपभोक्ता समितिले रकम दुरुपयोग गरे कारवाही हुनेः (१) दफा ११ बमोजिम उपभोक्ता समितिले सडक मर्मत तथा संभार सम्बन्धी काम गर्दा सडक सम्बन्धी निकाय वा बोर्डले दिएको रकम दुरुपयोग गरेको प्रमाणित हुन आएमा सोको छानविन गरी दुरुपयोग भए जति रकम उपभोक्ता समितिका पदाधिकारीबाट दामासाहीले सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम असुल उपर गर्ने काममा सडक सम्बन्धी निकायले स्थानीय प्रशासनको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग माग भई आएमा त्यस्तो सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको सम्बन्धित पदाधिकारी वा सुरक्षाकर्मीको कर्तव्य हुनेछ ।

३९. सम्झौता गर्नु पर्नेः (१) उपभोक्ता समितिलाई दफा ११ बमोजिम काम गर्नको लागि रकम उपलब्ध गराउनु पूर्व सडक सम्बन्धी निकाय र उपभोक्ता समितिबीच लिखित सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त देहायका कुराहरु खुलाइएको हुनु पर्नेछ :-

(क) काम सम्पन्न गर्नु पर्ने अवधि,
(ख) भुक्तानीको तरिका,
(ग) काम सम्पन्नगर्दा अपनाउनु पर्ने विधि,
(घ) सम्पन्न गर्नु पर्ने काममा लाग्ने लागत अनुमान,
(ङ) सडक सम्बन्धी निकायबाट प्राप्त हुने रकम तथा जन श्रमदान वा जन सहभागिताबाट लगानी हुने रकमको अँश,
(च) आवश्यक पर्ने अन्य कुराहरु ।

४०. सम्झौता उल्लंघन गरेमा हुने : (१) सडक सम्बन्धी निकाय र उपभोक्ता समिति बीच भएको सम्झौता उल्लंघन भएमा वा सम्झौता उल्लिखित शर्त विपरित उपभोक्ता समितिले कुनै काम गरेमा सडक सम्बन्धी निकायले उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्दगर्नु अघि सम्झौता उल्लंघन गर्नाको वा सम्झौतामा उल्लिखित शर्त विपरित काम गरेको सम्बन्धमा उपभोक्ता समितिलाई आफू उपरको आरोपका सम्बन्धमा सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

४१. सम्झौता बमोजिम हुने : उपभोक्ताद्वारा काम गराउने सम्बन्धमा यस दफामा उल्लिखित कुराहरुको हकमा सोही बमोजिम र अन्य कुराहरुका हकमा सम्झौतामा उल्लिखित शर्त बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

४२. समझदारीपत्र गर्ने: (१) बोर्डद्वारा एकीकृत वार्षिक कार्यक्रम स्वीकृत भएपछि बोर्ड र सो आर्थिक वर्षमा कुनै मर्मत सम्भार सम्बन्धी काम गर्नका लागि छनौट भएका सडक सम्बन्धी निकायका बीच देहायका विवरण खुलाई समझदारी पत्र गर्नु पर्नेछ:-

(क) मर्मत सम्भार सम्बन्धी कामको छोटकरी विवरण,

(ख) मर्मत सम्भार कामको लागत, लागत व्यहोर्ने स्रोत तथा निकासा सम्बन्धी व्यवस्था,

(ग) मर्मत सम्भार सम्बन्धी कामका लागि लाग्ने समय,

(घ) मर्मत सम्भारका लागि अपनाइने प्रकृया सम्बन्धमा मुख्य मुख्य कुराहरु,

(ङ) बोर्डले आवश्यक देखेका अन्य कुराहरु ।

(२) सडक सम्बन्धी निकायले कुनै पनि मर्मत सम्भार सम्बन्धी काम गर्दा उपदफा (१) बमोजिम भएको समझदारीपत्रको पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम समझदारीपत्र नभई बोर्डले कुनै पनि सडक सम्बन्धी निकायलाई रकम निकासा दिनु हुँदैन ।

(४) बोर्डलेसंभवभएसम्म स्थानीय पूर्वाधार तथा कृषि सडक विभागका प्रतिनिधिको रोहबरमा स्थानीय निकायसँग समझदारीपत्र गर्नु पर्नेछ ।

(५) बोर्डले स्थानीय निकायसँग गरेको समझदारीपत्रको जानकारी स्थानीय पूर्वाधार तथा कृषि सडक विभागलाई समेत दिनु पर्नेछ र सो विभागले स्थानीय निकायको एकीकृत वार्षिक कार्यक्रम बोर्डमा पठाउँदा कुनै स्थानीय निकायले सो समझदारीपत्रको पालना नगरेको भए सो व्यहोरा कैफियत जनाई बोर्डमा पठाउनेछ ।

४३. सडक सम्बन्धी निकायले आफूले गराएको कामको जाँच वा निरीक्षण गर्नुपर्ने: (१) कुनै पनि सडक मर्मत सम्भार वा अन्य काम तोकिएको गुणस्तर बमोजिम र स्फेसिफिकेशन बमोजिम गराउने दायित्व सडक सम्बन्धी निकायको हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सडक सम्बन्धी निकायले आफूले गराएको सडक मर्मत सम्भार, पुनर्निमाण, पुनर्स्थापना वा स्तरोन्नति सम्बन्धी निर्माण कामको आफ्नै निकायको सम्बन्धित कर्मचारी खटाई वा अन्य प्राविधिक विशेषज्ञलाई नियुक्त गरी जाँच वा निरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सडक सम्बन्धी निकायले आफुले यस दफा बमोजिम गरेको कामको जाँच वा निरीक्षण सम्बन्धी प्रतिवेदन सो काम सम्पन्न भएको प्रतिवेदन बोर्ड समक्ष पेश गर्दाका बखत बोर्डको तोकेको ढाँचामा पेश गर्नु पर्नेछ ।

४४. सडक सम्बन्धी अनुसन्धान कार्य: बोर्डले सडक सम्बन्धी अनुसन्धान कार्य मूलतः देहायका विषयमा गर्नुपर्नेछ:-

(क) सडक सञ्जाल योजना तथा विकास सम्बन्धमा,

(ख) सडक यातायात खर्च कम गर्ने उपाय सम्बन्धमा,

(ग) सडक मर्मत सम्भार सम्बन्धी कार्यलाई प्रभावकारी तथा मितव्ययी बनाउने सम्बन्धमा,

(घ) सडक यातायातलाई सहज र नियमित गराउने सम्बन्धमा,

(ङ) सडक निर्माण तथा मर्मत सम्भारबाट हुने सामाजिक आर्थिक विकासको सम्बन्धमा ।

४५. स्थानीय निकायसंग गरिने रकम हिस्सेदारीका आधार : कुनै स्थानीय निकायको भौगोलिक क्षेत्रभित्र पर्ने कुनै सडकको मर्मत संभारको लागि बोर्डबाट ऐन तथा नियमावली बमोजिम रकम छुट्याउंदा देहायका कुराको आधार लिनु पर्नेछ :-

(क) सम्बन्धित स्थानीय निकाय कुन वर्गमा विभाजन गरिएको छ सो कुरा,

(ख) मर्मत, संभार गर्ने सडकको लम्बाई,

(ग) सडकको भारवहन क्षमता,

(घ) मर्मत संभार गर्नु पर्ने सडकको अवस्था,

(ङ) बोर्डले उचित ठहराएको अन्य आवश्यक कुरा ।

४६. नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारमा गरिने खर्चः बोर्डले नियमावलीको नियम ८ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारका लागि छुट्याइएको कूल रकम मध्ये सत्तरी प्रतिशत रकम राजमार्ग तथा सहायक मार्ग र बाँकी रकम अन्य सडकको मर्मत सम्भारका लागि छुट्याउनु पर्नेछ ।

४७. सडक सम्बन्धी निकायले रकम निकासा दिने सम्बन्धी व्यवस्थाः (१) बोर्डले सडक सम्बन्धी निकायलाई कुनै मर्मत सम्भार सम्बन्धी काम गराए वापतको रकम देहाय बमोजिम निकासा दिनेछः-

(क) कुनै निर्माण सम्बन्धी काम गराउने सम्बन्धमा समझदारीपत्र गरेपछि पेश्कीको रुपमा कूल लागतको २५ प्रतिशत,

(ख) स्वीकृत कामको कम्तीमा २५ प्रतिशत काम सम्पन्न भएपछि र स्थानीय निकायको हकमा सो निकायले व्यहोर्नु पर्ने रकमको कम्तीमा पचास प्रतिशत रकम बराबरको काम सम्पन्न गरेपछि वा सो बराबरको रकम खर्च वा जम्मा गरेपछि ३० प्रतिशत,

(ग) स्वीकृत कामको कम्तीमा ७५ प्रतिशत काम सम्पन्न भएपछि र स्थानीय निकायको हकमा सो निकायले व्यहोर्नु पर्ने रकम पूरै खर्च वा जम्मा गरेपछि ३० प्रतिशत,

(घ) काम सम्पन्न भएको प्रतिवेदन पेश भएपछि बाँकी रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताद्वारा गराउने कामको सम्बन्धमा बोर्ड र सडक सम्बन्धी निकायबीच संझौता बमोजिम रकम निकासा दिइनेछ ।

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि सडकको पटके मर्मत सम्भार कार्य गर्दा बोर्डले स्वीकृत नर्म्स अनुसारको रकम स्वीकृत गरे तापनि सो कामको लागि रकम भुक्तानी गर्दा वास्तविक रुपमा सम्पन्न भएको कामको परीमाण अनुसार मात्र भुक्तानी गर्नेछ ।

(४) स्थानीय निकायले आफूले सम्पन्न गरेको कामको लागि बोर्ड समक्ष रकम निकासा माग गर्दा सो कामको प्रगति सहित रकम माग गरेको जानकारी स्थानीय पूर्वाधार तथा कृषि सडक विभागलाई समेत दिनु पर्नेछ ।

४८. प्राविधिक परीक्षण गराउन सक्ने: बोर्डले प्रत्येक वर्ष सडक सम्बन्धी निकायले गरेको सडक सम्बन्धी काम मध्ये केही कामको प्राविधिक परीक्षण गर्न गराउन सक्नेछ ।

४९. सडक उपभोग गरे बापतको दस्तूर संकलनका लागि सडकको छनौट: बोर्डले औसत वार्षिक रुपमा कम्तीमा प्रतिदिन ९०० सवारी साधन चल्ने सडक मध्येबाट उपयुक्त देखिएको सडक छनौट गरी सडक उपभोग गरे बापतको दस्तूर लगाउने प्रयोजनको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्नेछ ।

५०. सडक सम्वन्धि निकायको सडक मर्मत सम्वन्धि कार्यको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने :

(१) सडक सम्वन्धि निकायले दोश्रो या अन्य मर्मत किस्ता रकम माग गर्दा प्रगती विवरणमा कम्तीमा एकजना अधिकृत स्तरको प्राविधिक तथा सो निकाय प्रमुखद्धारा प्रमाणित गरी त्यस अवधी सम्म सम्पन्न कार्यको डिजाइन तत्व (Design Parameter), नक्सा आदि संलग्न गरी वोर्डवाट आवश्यक अनुगमन तथा मूल्यांकनको लागि सडक वोर्डलाई अनुरोध गर्नुपर्ने छ ।

(२) सडक वोर्डले उपदफा (ख) वमोजिम लिखित रुपमा जानकारी प्राप्त भएको मितिले सम्भव भए सम्म १५ दिन भित्र आफै वा अन्य परामर्शदातावाट आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) अनुसार अनुगमन तथा मूल्यांकन गरीदा सडक सम्वन्धि निकायले आवश्यक पर्ने अन्य जानकारी अनुगमन तथा मूल्यांकन गर्ने टोलीलाई उपलव्ध गराई सहयोग गर्नुपर्ने छ ।

(४) अनुगमन तथा मूल्यांकन गर्ने विज्ञ या फर्मले यदि सडक मर्मत सम्भार सम्वन्धि डिजाइन तथा सडक वोर्ड ऐन-नियम विपरीत कुनै कार्य भएको पाइएमा सो सच्याउन निर्देशन दिदा सो सडक सम्वन्धि निकायको सोही अनुरुप सच्याउनु पर्ने कर्तव्य हुनेछ ।